म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १८४ २०८१ जेठ १३ गते आइतबार 26 May 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## दुर्घटनामा एक पुरुषको मृत्यु

हेटौंडाः हेटौंडा-११ थानाभन्ज्याङमा भएको दुर्घटनामा एक पुरुषको मृत्यु भएको छ । शुक्रबार राती १० बजेर १० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत थानाभन्ज्याङमा सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको ना ७ ख १६७५ नम्बरको बसले ठक्कर दिँदा अन्दाजी ४० वर्षीय पैदलयात्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मृतकको शव हेटौंडा अस्पतालमा राखिएको छ । ठक्कर दिने बस प्रहरी चौकी बसामाडीको नियन्त्रणमा रहेको छ । बस चालक रौतहट जिल्ला चन्द्रनिगाहपुर पौराहीको कृष्ण बहादुर थापालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखिएको प्रहरीले जनाएको छ । मृतकको सनाखत हुन सकेको छैन ।

## वर्तमान सरकार ज्यानमाराहरु मिलेर बनेको होः नेता बानियाँ



समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले वर्तमान सरकार ज्यान माराहरु मिलेर बनेको बताउनुभएको छ । वर्तमान गठबन्धनमा माओवादीले सर्वसाधारण मारेको, नेकपा एमालेका अध्यक्ष केपी ओलीले र रास्वपाका सभापति रवि लामिछानेले पनि आफ्नै सहकर्मीलाई मर्न बाध्य बनाएको उहाँले आरोप लगाउनुभएको छ ।

शनिबार हेटौंडामा आयोजित मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर १ को कार्यकर्ता प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । वर्तमान सरकार मान्छे मार्नेको एकता भएकाले उनीहरूमा मानवता नभएको उहाँको भनाइ छ । वर्तमान समयमा सरकारले मिचाहा प्रवृत्ति देखाएको बताउँदै उहाँले भन्नुभयो, 'वर्तमान सरकार मिचाहा प्रवृत्तिमा उत्रिएकाले पार्टीमा एकमत भएर अघि बढ्न जरुरी छ । प्रतिपक्षले बोली रहँदा केपी ओलीजस्तो परिपक्व नेताले उपसभापतिसँग निहुँ खोज्ने काम गरे । केपी ओलीले गरेको व्यवहार संसदीय चरित्र हैन, ओलीले संसदमा उत्तेजना ल्याएर मुठभेड गराउने काम भएको छ ।'

वर्तमान सरकारले काम राम्रो गर्न नसकेको उहाँको भनाइ छ । पार्टीमा निराशा पैदा भइरहेको समयमा यस्ता प्रशिक्षण आवश्यक परेको उहाँले बताउनुभयो । वर्तमान समयमा दम्भको राजनीति अघि बढेको नेता बानियाँको आरोप छ । 'अहिले कांग्रेसले रवि लामिछानेको विषयमा कुरा उठाउँदा कांग्रेसले प्रोपोगाण्डा मच्चायो भन्ने आरोप लागेको छ । केपी ओलीले उक्त विषयलाई ढाकछोप गर्ने काम गरेका छन् ।' एमालेका नेताहरू ७५ प्रतिशत सहकारीमा संलग्न रहेको बानियाँको दावी छ । एमालेका धेरै नेताहरू जेल जाने अवस्था भएकाले एमालेले सहकारी काण्डमा छानविन समिति बनाउन आँट नगरेको उहाँको भनाइ छ ।

'सहकारी ठगी होस् या जुनसुकै कुरा होस्, नेपाली कांग्रेस छानबिन समिति बनाएर जान तयार छ', नेता बानियाँले भन्नुभयो- 'हिजोका दिनमा कांग्रेसका नेताहरू जेल जाँदा कुनै जुलुस भएन ।' कांग्रेस कानुनबमोजिम चलेको तर अरू पार्टी कानुनसम्मत जानसमेत डराएको उहाँले बताउनुभयो । जनतालाई सुसूचित गर्न आवश्यक रहेको नेता बानियाँको भनाइ छ ।

कांग्रेसमा पछिल्लो समय भ्रम बढ्दै गएकाले केही कुराहरू सुधार गर्दै जानुपर्ने नेता बानियाँले धारणा राख्नुभयो । पार्टीभित्र धेरै भ्रम रहेकाले नेपाली कांग्रेसमा गुट उपगुट नभनी भ्रम चिर्दै जानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । पार्टीमा एकता गर्दै मानवताको लागि कार्य गर्दै जानुपर्ने बताउँदै पार्टीभित्रै अलमलिन नहुने नेता बानियाँको धारणा थियो । जनताले कांग्रेससँग शान्ति खोजेकाले हिजोको दिनमा कांग्रेसले जनयुद्धबाट जनतालाई शान्ति दिलाएको र संविधान निर्माण गर्न पुगेको उहाँले दावी गर्नुभयो । जनतामा भएको निराशा कांग्रेसले चिर्न आवश्यक रहेको भन्दै नेता बानियाँले कांग्रेस जनताको लागि लडेको पार्टी भएकाले पार्टी व्यवस्थितरुपमा अघि बढ्नुपर्ने बताउनुभयो ।

## वर्तमान पाठ्यक्रम सुधार गर्न आवश्यकः मुख्यमन्त्री जमकट्टेल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेलले वर्तमान पाठ्यक्रमहरु सुधार्न आवश्यक रहेको बताउनुभएको छ । शनिबार हेटौंडामा आयोजित शैक्षिक अन्तरक्रिया तथा उत्प्रेरणा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

अहिलेको पाठ्यक्रमको शिक्षा सैद्धान्तिकमात्र भएको उहाँको भनाइ छ । शिक्षा सैद्धान्तिकमात्र हुने र व्यवहारिक नहुँदा यसको कुनै उपलब्धी नदेखिएको उहाँले बताउनुभयो । उहाँले सैद्धान्तिक ज्ञान हासिल गरेर व्यावसायिक बन्ने खालको पाठ्यक्रम ल्याउनुपर्ने बताउनुभएको छ । यसो नभएमा विद्यार्थीहरु पढेपनि बेरोजगार हुनुपर्ने र वैदेशिक पलायन हुनुपर्ने बाध्यता आउने उहाँले बताउनुभयो ।

अहिलेको शिक्षा नीतिमा समस्या रहेको बताउनुहुँदै उहाँले प्रदेश सरकारले नयाँ शिक्षा नीति ल्याएको र चाँडै कार्यान्वयन गरिने बताउनुभयो । उहाँले सबै विद्यालयहरुले प्राविधिक र व्यवहारिक शिक्षा पढाउनुपर्ने बताउनुभयो । यसका लागि पाठ्यक्रम बदलेर सिकाउने र परीक्षा प्रणालीलाई बदल्नुपर्ने उहाँको भनाइ छ । अहिलेको परीक्षा प्रणालीले विद्यार्थी फेलमात्र हुने गरेको भन्दै उहाँले यो प्रणाली बदल्नुपर्ने बताउनुभयो । विद्यार्थीलाई उसको क्षमताअनुसार नम्बर दिनुपर्ने भन्दै उहाँले क्षमता र रुचिका विषय पढ्न पाउने व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

अहिलेको परीक्षा प्रणालीले शिक्षामा वितृष्णा फैलिएको उहाँले बताउनुभयो । कोटा प्रणालीले गर्दा हजारौं विद्यार्थीहरु बाहिर गएर पढ्नुपर्ने अवस्था सिर्जना भएको भन्दै उहाँले यस प्रणाली बन्द गर्नुपर्ने बताउनुभयो । अहिले शिक्षा र स्वास्थ क्षेत्रमा सरकारले गरेको लगानीले उपलब्धी दिन नसकिरहेको भन्दै यसलाई सुधार्न सबै जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

विद्यालय नै शिक्षा क्षेत्रको बलियो जग भएको बताउनुहुँदै उहाँले प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावक पनि जिम्मेवार हुनुपर्ने बताउनुभयो । अहिले अधिकांश विद्यालयहरु भौतिकरुपमा राम्रो सुविधा पुगेको तर विद्यार्थीहरु खाली हुँदै गएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो । उहाँले विद्यार्थी कम भएका विद्यालयहरुलाई मर्ज गरेर नयाँ मोडेलमा लैजानुपर्ने बताउनुभयो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका केन्द्रीय अध्यक्ष गुणराज मोक्तानले सामुदायिक विद्यालयको शैक्षिक सुधार गर्न आवश्यक रहेको बताउनुभयो । अहिले विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावक सक्रिय विद्यालयको शैक्षिकस्तर ठिकै र रहेको तर सक्रिय नभएको विद्यालयमा शैक्षिकस्तर खस्किरहेको भन्दै उहाँले यसलाई सुधार्नुपर्ने बताउनुभयो । देशमा शिक्षा सुधारका लागि सरकार र विभिन्न क्षेत्रको लगानी रहे पनि शैक्षिक अवस्था सुधार नभइरहेको उहाँको भनाइ छ । सामुदायिक विद्यालयमा विद्यार्थीहरु घट्दै गइरहेको र विद्यालयहरु मर्ज भइरहेको भन्दै उहाँले यस विषयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा शिक्षाविद् प्राध्यापक डा. विद्यानाथ कोइराला, प्राध्यापक डा. पेसल खनाल र स्थानीय शासन विज्ञ सोमत घिमिरेले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा मनहरी गाउँपालिका, बागमती, बकैया, मकवानपुरगढी र हेटौंडा उपमहानगतपालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तान, खानेपानी, ऊर्जा तथा सिचाईमन्त्री एकालाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, सामुदायिक विद्यालय व्यवस्थापन समितिका केन्द्रीय सचिव मोहम्मद समिम, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमलगायतको आतिथ्य रहेको थियो ।

## बँदेलको आक्रमणबाट गोठालो घाइते

समाज संवाददाता

हेटौंडाः मनहरीमा एक युवा बँदेलको आक्रमणमा परी घाइते भएका छन् । शुक्रबार दिउँसो मनहरी-८, गुरुङटोलका २४ बर्षीय सौगात गुरुङ घर नजिक रहेको सिम्पानी देवकोट सामुदायिक वनमा बाखा चराउन गएको अवस्थामा जंगली जनावर बँदेलको आक्रमणमा परी घाइते भएको प्रहरीले जनाएको छ । गुरुङलाई उपचारका लागि मनकामना अस्पताल चितवन लगिएको छ । उनको बायाँ खुट्टामा चोट रहेको प्रहरीले जनाएको छ ।

## दुर्घटनामा बिकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-३, तीनताप्केमा म्याजिक भ्यानको ठक्करबाट ५५ बर्षीय श्याम बहादुर बिकको मृत्यु भएको छ । शनिबार राती ८ बजेर ४५ मिनेटको समयमा नेवारपानीबाट लेवटतर्फ जाँदै गरेको ना १ ज ७५६० नम्बरको म्याजिकले हेटौंडा-१२ वनस्पतिका बिकलाई ठक्कर दिँदा गम्भीर घाइते भएका थिए ।

बिकको उपचारको क्रममा हेटौंडा अस्पतालमा शनिबार राती ९ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । म्याजिक चालक हेटौंडा-३, बसमाडीका २२ वर्षीय अनुज लामालाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

## सञ्जालका बालबालिकाद्वारा पुस्तक समीक्षा




*पुस्तक समीक्षा कार्यक्रमपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा बालसञ्जालमा आवद्ध बालबालिकाको सहभागितामा शनिबार पुस्तक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । वडा कार्यालयको आयोजना तथा वडा बाल समूह सञ्जालको समन्वयमा बालसमूह सञ्जालको प्रथम वार्षिकोत्सवको अवसरमा पुस्तक समीक्षा कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा सञ्जालकी अध्यक्ष दर्शना सापकोटासहित ९ जनाले विभिन्न पुस्तकको समीक्षा गरेका थिए । बालबालिकामा पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तक समीक्षा कार्यक्रमको आयोजना गरिएको बालमैत्री वडा सहजकर्ता अमिसा अधिकारीले जानकारी दिनुभयो । एक साताअघि वडामा रहेको रोशनी पुस्तकालयको भ्रमण गराएर बालबालिकाले पुस्तक छनोट गरेका थिए । एक साताको अवधिमा विद्यार्थीले अध्ययन गर्न भ्याएको विवरण शनिबार प्रस्तुत गरिएको थियो ।

वडा बाल समूह सञ्जालकी अध्यक्ष दर्शना सापकोटाको अध्यक्षता तथा वडा शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दाहालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा वडा सदस्य तथा बालमैत्री सम्पर्क व्यक्ति गीता त्रिपाठी, वडा सचिव पुष्पराज पौडेलको आतिथ्य रहेको थियो । पुस्तक समीक्षामा सहभागी विद्यार्थीलाई प्रमाणपत्रसहित एक थान पुस्तक समेत उपहारस्वरुप प्रदान गरिएको थियो ।

विशेषता : जापानिज भाषा

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला

IDB Education Consultancy pvt Ltd

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

## सम्पादकीय

# उपयुक्त नीति तथा कार्यक्रमको अपेक्षा

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार जनताप्रति उत्तरदायी हुन्छ । जनताले चुनेर पठाएका प्रतिनिधिले नै सरकारको नेतृत्व र सञ्चालन गर्ने भएकाले सरकारले जनताको हितअनुकूलका काम गर्नुपर्छ । सरकारले एक वर्षसम्म गर्ने काम र त्यसका लागि आवश्यक बजेट जनताको प्रतिनिधि रहने व्यवस्थापिकामा पेश गर्नुपर्छ । व्यवस्थापिकाले सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गरेपछि बल्ल सरकारले सोहीअनुसार काम गर्न पाउँछ । संघीयता कार्यान्वयनपछि अहिले नेपालमा तीन तहको सरकार छ । संघ, प्रदेश र स्थानीय सरकारले प्रत्येक वर्ष बजेट ल्याउनुअघि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम व्यवस्थापिकासमक्ष पेश गर्दछन् । संघीय सरकारले प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछ । प्रदेश स करारले प्रदेशसभा बैठकमा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछ । यस्तै, स्थानीय सरकारले गाउँ तथा नगरसभामा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछन् ।

बागमती प्रदेश सरकारले भोलि सोमबार प्रदेशसभामा नीति तथा कार्यक्रम पेश गर्दैछ । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम सोमबार दिउँसो ३ बजे वस्ने प्रदेशसभा बैठकमा पेश हुनेछ । प्रदेशसभाको गत सोमबार बसेको बैठकमा नीति तथा कार्यक्रमसम्बन्धमा सामान्य छलफल भएको थियो । उक्त छलफलमा प्रदेशसभा सदस्यहरुले सरकारलाई आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट नयाँ ढ्ले ल्याउन सुझाव दिएका थिए । प्रदेशसभा सदस्यहरुले युवालक्षित कार्यक्रमलाई जोड दिँदै कृषिमा क्रान्ति गर्ने नीति, कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका थिए । प्रदेश सरकारले जनताका आधारभूत आवश्यकता परिपूर्ति, सेवा क्षेत्रहरुको विस्तार र सुधार, दीगो र वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिन आग्रह गरेका छन् । सामाजिक समावेशीकरण र लैंगिक समानता, भाषा तथा संस्कृतिको प्रवर्द्धन, जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण र अनुकूलन, सूचना प्रविधि र वैकल्पिक ऊर्जा प्रवर्द्धन, औद्योगिक विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा ध्यान दिनसमेत सुझाइएको छ ।

बागमती प्रदेश सरकारले सुरुवातदेखि नै ल्याएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकेको छैन । महत्वाकांक्षी नीति तथा कार्यक्रम ल्याउने, त्यसको कार्यान्वयनका लागि बजेट पनि विनियोजन गर्ने तर, कार्यान्वयन नै नहुने र कार्यान्वयन भए पनि ठोस परिणाम नदेखिने समस्याले प्रदेश सरकारको प्रभावकारितामाथि प्रश्न उठ्ने गरेको छ । विगतमा प्रदेश सरकारले ल्याएको एक स्थानीय तह एक उद्योग ग्राम, सुरुङमार्ग र प्रदेश चक्रपथ निर्माण, विद्युतीय सवारीलाई प्रोत्साहन गर्दै मुख्य शहरमा पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधन निषेध गर्ने, प्रदेशलाई प्लाष्टिक झोलामुक्त बनाउने, बालविवाह र बालश्रम अन्त्य गर्नेजस्ता कार्यक्रमको उपलब्धी शून्यप्राय: छ । दूध, अण्डा, माछा-मासु, तरकारी, खाद्यान्नमा प्रदेशलाई आत्मनिर्भर बनाउने सरकारको नीति तथा कार्यक्रमले पनि हावा खाइसकेको छ । बजेट बनाउँदा र कार्यान्वयनमा जाँदा नीति तथा कार्यक्रमभन्दा पनि दलीय र व्यक्तिगत स्वार्थबाट प्रेरित भएर टुक्रे योजनामा जोड दिने गरेका कारण नीति तथा कार्यक्रम औचित्यहीन बनिरहेको छ ।

सरकार कुन नीतिमा आधारित भएर अगाडि बढ्छ भन्ने मार्गचित्र सरकारको नीति तथा कार्यक्रमले दिन्छ । नीति तथा कार्यक्रम सरकारको प्रतिबद्धतामात्र होइन, उसको मार्गनिर्देशक दस्तावेज पनि हो । नीति तथा कार्यक्रममै आधारित भएर वार्षिक बजेट आउने भएकाले सरकारले उपयुक्त नीति तथा कार्यक्रम ल्याउनु पर्छ । यसका लागि सरकारले सरोकारवालासँग पर्याप्त छलफल गर्नुपर्छ, जुन हुन सकेको छैन । सरकारले विज्ञ र सरोकारवालाको सुझावलाई समेटर फरक ढ्ले नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ । कमसेकम नीति तथा योजना आयोगको सुझावलाई कार्यान्वयनय गर्नुपर्छ । सरोकारवालाहरुले पनि नीति तथा कार्यक्रम र बजेट ल्याइसकेपछि त्यसको आलोचना गर्नुभन्दा पहिला नै आवश्यक सुझाव र दबाव दिन आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।
**वृष** : जिद्धीपन र हठ त्याग गर्दा राम्रो रहने छ ।
**मिथुन** : लेखाई–पढाईका काममा सरिक भइने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : आहार–विहारमा अनुशासन पालन गर्दा राम्रो होला ।
**कन्या** : लेखाई–पढाई मध्यमकारक नै मान्नुपर्दछ ।
**तुला** : हाकिमको कचकचले मन विचलित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा मन जाने समय छ ।
**धनु** : अध्ययन–अध्यापनका क्षेत्रहरु मध्यमकारक छन् ।
**मकर** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल रहलान् ।
**मीन** : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ ।

# ठूला दलको काँधमाथि ३२ सिटेको रजाई



**बिशभ अधिकारी**

प्रचण्ड सरकारले १६ महिनामा चार पटक विश्वासको मत प्राप्त गरेको छ । सरकारले यो एक बर्षमा चार पटक गठबन्धन बनायो । १४ पटक मन्त्री परिषद् परिवर्तन गऱ्यो, र ४६ जना मन्त्रि भए । प्रचण्डले १६ महिनामा चार पटक विश्वासको मत लिने आफुलाई ऐतिहासिक अवसर प्राप्त भएको गौरवपूर्ण भाषण विश्वासको मत लिने सन्दर्भमा व्यक्त गर्नुभयो । मूलत: पाँच बर्षे कार्यकाल भएको प्रधानमन्त्रीले पटक-पटक संसदमा विश्वास गुमाइरहनु न त त्यो ऐतिहासिक अवसर हो न त गौरवको विषय हो ।

प्रधानमन्त्री माथिको संसदको पटक-पटकको परीक्षण प्रधानमन्त्रीको असक्षमता र सबैलाई मिलाएर लैजान नसक्ने कार्यकुशलताको कमजोरी हो । यसले वर्तमान व्यवस्था, संसदको अस्थिरता र अराजकताको अखडा बनेको पुष्टी गर्दछ। अहिले संसदमा रमिता छ । छानबिन समिति बनाउने प्रकरण अब विस्तारै प्रतिष्ठाको विषय बनाइँदैछ । रवि लामिछानेसहितको छानबिन समिति हुने कि रवि बाहेक हुने यसैमा सहमति जुट्न सकेन । संसदमा देखिएको मुठभेड अमर्यादित दृश्यहरु लोकतन्त्रमाथिको भद्दा मजाक हो । रवि लामिछानेको संसदको भाषणपछि त यो लडाई भष्टहरुको स्वार्थको द्वन्द्व हो कि भन्ने आँकलन गरिँदै छ । आफूमाथि सहकारी ठगिको आरोपको खण्डन गर्नुपर्नेमा यिनले आक्रोशित हुँदै कांग्रेसका नेताको बिगतका थुप्रै अनियमितता, भष्टाचारमा आरोपित काण्डहरुको पर्दाफास गरे। रवि लामिछानेले देशको सूचना बाहिर चुहाउनेसम्मको संगीन आरोप लगाएर यिनी आफू पानीमाथिको ओभानो बन्न खोजे पनि यिनले आफूमाथिको आरोपको चितबुझ्दो जवाफ भने संसदमा दिन सकेनन् ।

यिनले आफूलाई ठगीको आरोप लगाउने कांग्रेसले डेढ बर्ष प्रधानमन्त्री बनाउन अफर दिएको खुलासासमेत गरे । सरकार चलाउने अवसर छोडेर गृहमन्त्रीमा मरिहत्ते गर्नुको रहस्य के रहेछ विस्तारै जनसमक्ष आउँदैछ । सरकारको नेतृत्व गर्ने अवसरमा किन चुके त रवि लामिछाने ? भारतमा देबि गौडा चन्द्रशेखर, बाजपेयीहरू छोटो कार्यकालमा प्रधानमन्त्री भएको उदाहरण छ, बेलायतमा आर्थिक सुधारसहित प्रधानमन्त्री बनेका लिज ट्रस आर्थिक सुधारको नारासहित प्रधानमन्त्री भए आर्थिक सुधार हुने संकेत नदेखेपछि ४९ औं दिनमै राजिनामा दिएर बेलायती ईतिहासकै सबैभन्दा छोटो अवधिको प्रधानमन्त्री भए ।

तर प्रधानमन्त्री पाउनु आफैंमा एउटा ऐतिहासिक अवसर हो यो मौका कसैले गुमाउदैन । हिजो यिनी प्रतिपक्षमा हुँदा भन्दै थिए मात्रै १०० दिन सरकारको नेतृत्व गर्ने अवसर पाए सारा कायापलट गर्छु भनेर, रविलाई साँच्चै यो मौका आएको भए यिनले किन गुमाए वा गृहमन्त्री हुँदा यिनी यि झन्झटबाट उम्कन सहज थियो त्यो समयले नै बताउला । तर सरकार बन्ने समर्थन फिर्ता लिने प्रक्रियाले राजनीति तरल र अस्थिरतातर्फ उन्मूख छ। कसैको बहुमत नरहेको संसदमा ३२ सिट भएको माओवादीले दुई ठुला पार्टी कांग्रेस र एमालेलाई मुसो खेलाएझैं खेलाइरहेको छ । दलहरुले स्थायित्वका लागि भनेर पटक-पटक देशलाई प्रयोगशाला बनाए। बहुमत नभएर अस्थिर भएको भन्यो तर बहुमतको कन्यूनिष्टहरुकै सरकार बन्यो तर पनि स्थिरता आएन । तीन बर्षमै संसद बिघटनको सिफारिश भयो । संसदीय अभ्यासको तात्कालिन कालखण्डमा जतिबेला शेरबहादुर नेतृत्वको सरकार थियो त्यो सरकारले सरकार बचाउन सांसद किनबेच, अपहरणदेखि लिएर बैङ्कसम्म सांसदहरुलाई पुऱ्याइयो, पजेरो संस्कृति भित्रायो ।

संसदीय अभ्यासको तात्कालिन कालखण्ड अत्यन्तै कुरुप असंसदीय, मर्यादाहिन भएकै कारणले ठुलो बदनाम भएको ईतिहास साक्षी छ। ती सम्पूर्ण विषयमा पाठ सिकेर २०७२ सालको संविधान निर्माण गर्दा संसद बिघटनलाई असहज बनाईयो । संसद बिघटन गर्न नमिल्ने खालको संवैधानिक व्यवस्था गरियो। वैकल्पिक सरकारको खोजी हुनुपर्ने व्यवस्थाले गर्दा केपी ओलीको बिघटनको सिफारिश मान्य भएन र अदालतले बहुमतको सरकार बनाउने बाटो खोलिदियो । लामो संसदीय अभ्यासको अनुभवले पनि मुलुकको राजनीति स्थिरतातर्फ गएन । हाम्रो निर्वाचन प्रणाली, चुनावपूर्व गरिने गठबन्धन वर्तमान शासकीय संरचना यस्ता धेरै कारणले राजनीति अस्थिर भइराख्यो । निर्वाचन प्रणालीमा सुधार सबैले महसुस गरिरहेका छन् । ठेकदार, उद्योगपति, डन र पैसावालालाई जिताउने यो प्रणाली सर्वथा अनुचित छ। देशलाई स्थायित्व दिन केहि संवैधानिक व्यवस्थाको परिवर्तनले स्थायित्व ल्याउन बल पुग्छ कि भन्ने सबैको बुझाइ छ ।

नेताहरु जिम्मेवार हुन सकेनन् । देशभक्ति मऱ्यो, अर्थ उपार्जनतिर नेता लाग्दा भ्रष्टाचारको पिरामिड खडा भयो । केपी ओली गिरीबन्धु टिस्टेटमा जोडिएको आरोप छ । प्रधानमन्त्री क्योन्टोनमेन्ट घोटालामा जोडिएको आरोप छ, भष्टाचारको आरोप शेरबहादुर आरजु लगायत करिब दुई दर्जन नेताहरुलाई लागेको छ । भूटानी शरणार्थीकाण्डमा पूर्वमन्त्रीहरु नै पक्राउ परे, उच्चस्तरका नेताहरुलाई सरकार टिकाउने नाममा बचाईएको आंशका कायमै छ । सत्ता टिकाउन मूल्यहिन राजनीतिलाई प्रश्रय दिँदा झन-झन विकृति बढ्दै गएको छ। संसदभित्र आज जुन दृश्य देखिँदै छ त्यसले लोकतन्त्रको उपहास गरेको छ। सरकार प्रतिपक्षको मागलाई कुल्चेर प्रतिपक्षलाई मर्यादापालकको घेराबन्दीमा राखेर संसद सुचारु गरिरहेको दृश्य लज्जास्पद छ ।

अझ भर्खर विकसित नयाँ घटनाक्रमले जनतामा मिश्रित प्रतिक्रिया देखिँदै छ। कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई नक्कली नागरिकता काण्डमा पक्राउ गरिएको छ । रवि लामिछानेको सहकारी ठगी सम्बन्धी कान्तिपुरले निरन्तर समाचार सम्प्रेषण गरिहेको पृष्ठभूमिमा सिरोहिया पक्राउ पर्दा कतै प्रतिशोध त होईन भन्ने आंशका जन्मिएको छ । साँच्चै नक्कली नागरिकता नै हो भने कानुनबमोजिम न्यायिक निरुपण गर्नै पर्छ। यो घटनालाई कुनै प्रेसमाथिको आक्रमणको रुपमा बुझ्नु सर्वथा अनूचित होला। तर यस घटनामा पूर्वाग्रह देखियो भने यो निश्चय नै १२ भाइ मध्येको एक भाइमाथि गरिएको प्रतिशोध नै भन्दा हुन्छ । यो घटनाले मिडियाकर्मी एक भएका छन् । कांग्रेस सडक आन्दोलनको तयारीमा छ। राप्रपा सडक आन्दोलनमै छ। माधव नेपालको पार्टी सरकारबाट हट्न बाटो खोजिरहेको छ । यस्तो अवस्थामा कमजोर जगमा उभिएको प्रचण्ड सरकार कुनै पनि बेला ढल्न सक्छ। ३२ सिटवालाले सरकारको नेतृत्व गरिरहने कांग्रेस, एमाले पालैपालो यो माओवादीलाई काँधमा बोकेर हिँडिरहने अवस्था लामो समयसम्म जानै सक्दैन। स्थिरताका लागि पनि ठूला दल मिल्नूको विकल्प छैन ।


सत्ताका लागि एकले अर्कोलाई सत्ताको घोडाबाट खसाल्ने फोहरी राजनीतिक दाउपेजबाट कांग्रेस, एमाले मुक्त हुन सकेन भने अन्तत: यो व्यवस्थामाथि गम्भिर संकट आउने संकेत देखिँदैछ। निरन्तरको अस्थिरताले विकास र सुशासन सम्भव छैन । जनताले नयाँ दल पुराना सबै एउटै ड्याङका मुला हुन् भन्ने धारणालाई दलहरुकै गतिविधिले पुष्टी गर्दैछ।

तसर्थ वर्तमान राजनीतिमा अबिलम्ब बन्द गर्न जरुरी छ। छानबिन समितिलाई कसैले पनि प्रतिष्ठाको विषय बनाउनु भएन। साँच्चै सहकारी पीडितलाई न्याय दिने हो भने एउटा सहमति गरेर जाउ । निरन्तरको अस्थिर राजनीति खेल अबिलम्ब बन्द गरौं । आगे जो विचार । अस्तू ।

# संसदीय छानबिन समिति आवश्यक छ ?



**पदम गिरी**



अहिले संसदीय छानबिन समितिको माग एउटा पेचिलो मुद्दा बनेको छ । सामाजिक सञ्जाल र मिडियाको ध्यान गृहमन्त्री रवि लामिछाने र नेपाली कांग्रेसको अडानमा छ, जुन एक हिसाबले स्वाभाविक पनि हो । तर पात्र र पार्टीहरू बीचको वाक्युद्धलाई एकछिन किनार लगाउने हो भने बल्ल प्राय: बहसहरूमा छुटेका केही संस्थागत प्रश्नहरू हामीसामु प्रकट हुन्छन् ।

यदि सरकार पनि संसद्ले गठन गर्ने, कानुन पनि संसद्ले बनाउने र न्याय निरुपणमा पनि संसद् नै सक्रिय हुने हो भने शक्ति विकेन्द्रीकरणको अवस्था बारे यसले कस्तो सन्देश दिन्छ? एकातिर संसद्को किचलोबाट कार्यपालिका मुक्त हुनुपर्छ भनेर प्रत्यक्ष निर्वाचित कार्यकारीको माग बढिराखेको छ भने संसद्ले आफ्नो मूल कार्यमा सन्तोषजनक प्रस्तुति गर्न सकिरहेको छैन ।

यस्तोमा संसद्को कार्यक्षेत्र न्यायालय सरह अघि सारियो भने यसले कस्तो जटिलताहरू निम्त्याउला ? कार्यक्षेत्र निर्धारण र गठन प्रक्रियाबारे स्थापित हुने नजिरभन्दा संसदीय छानबिन समिति बन्छ वा बन्दैन भन्ने कुरा त्यति महत्वपूर्ण हैन ।

२०७९ मा निर्वाचित प्रतिनिधि सभाको अहिले चौथो अधिवेशन चलिरहेको छ । १७ महिनाको अवधिमा यो सभाले चारवटा विधेयक पारित गरेको छ । संसद्को गतिविधि र गति निराशाजनक छ भन्न सायद व्यक्तिगत रूपमा प्रतिनिधि सभाको कुनै पनि सदस्यले अस्वीकार गर्दैनन् होला। यो फरक कुरा हो कि त्यसको जिम्मेवारी लिन भने राजनीतिक दलहरू तयार देखिंदैनन् ।

तर जेहोस्, निराशाजनक गतिको स्वीकारोक्तिले गर्दा मात्र भए पनि, बुँदागत रूपमा एउटा सन्दर्भ हामी बाँध्न सक्छौं:

१. संसद्को मूल कार्य कानुन निर्माण हो ।

२. संसद्ले १७ महिनामा केवल ४ वटा विधेयक पारित गरेको छ ।

३. संसद्मा प्रतिपक्ष र सत्तापक्ष बारम्बार फेरबदल भैरहेको अवस्था छ ।

बुँदा १ र २ ले अकर्मण्यताको आभास गराउँछ भने बुँदा ३ को असर हामी संसद्को जवाफदेहितामा देख्न सक्छौं । हरेक पटक संसद् अवरोध हुँदा रोस्ट्रम घेर्नेहरूले सत्तापक्षलाई र सत्तापक्षले प्रतिपक्षलाई औंल्याउने अभ्यास चलिरहँदा, यहाँ नैतिकताको आधार कसैले पनि पत्यारिलो रूपमा लिन सक्ने अवस्था छैन ।

नैतिकताले नचल्ने संस्था केवल अनुशासनले मात्र चल्न सम्भव हुन्छ र जवाफदेहिता कायम भए मात्र अनुशासन कायम हुन्छ- जुन हाम्रो संसद्मा देखिँदैन। उल्टै लोकतान्त्रिक अभ्यासको नाममा अनुशासन उल्लङ्घन गरेको हामी पाउँछौं ।

अब यस्तो संस्था, जसमा न त नैतिकताको लागि ठाउँ छ न त अनुशासनको कुनै लगाम छ, यसलाई आफूले गर्न नसकिरहेको मूल कार्य गर्न बाध्य गराउनुको साटो 'न्याय' को लागि भनी थप जिम्मेवारी दिनु र त्यो जिम्मेवारी सही ढंगले निर्वाह गर्छ भन्ने ठान्नु कतिको जायज अपेक्षा हो ? विद्युतीय व्यापार विधेयकको छलफलमा विद्युत् व्यापार बारे कुरा गर्ने खालका सांसदहरूले कस्तो प्रकारको न्याय देलान् ?

व्यवस्थापकीय छानबिन समिति बनाउनु नाजायज पक्कै पनि हैन । लागू भइरहेको कानुन मूल्यांकन गर्न र नयाँ कानुन निर्माण गर्नमा यस्तो समितिको निष्कर्षहरू एकदम महत्वपूर्ण हुन्छ । साथै कार्यपालिकाको विवादास्पद निर्णयमा पनि

....बाँकी पृष्ठ ३ मा

# सडक डिभिजनले भन्यो- बालेनसँग न्यूरोडमा बिबाद भएको हो, नसच्चिए प्रतिकार हुन्छ




काठमाडौंः सडक बिभाग अन्तर्गतको सडक डिभिजन काठमाण्डौको गेटमा धूलो थुपारिदिने काठमाण्डौ महानगरको कदमलाई अराजक ब्यबहार भन्दै प्रतिकार गर्ने चेतावनी दिएको छ ।

शनिवार साँझ काठमाण्डौ महानगर पालिकाले आफ्नो कार्यालय गेट अगाडी धूलो थुपारिदिएपछि आक्रोशित भएको बिभागले जे बिषय उठाएर काठमाण्डौ महानगरका मेयरले धूलो थुपारे, खास कुरा त्यो भन्दा भिन्न रहेको बिबरणसमेत खुलाएको छ ।

सडक डिभिजन काठमाण्डौले अबेर राती बिज्ञप्ति जारी गर्दै बिबादको चुरो न्यूरोड क्षेत्रमा बाटो साँघुरो बनाउने बिषय रहेको बताएको छ । न्यूरोड क्षेत्रमा मोटर गुड्ने पिच बाटो घटाएर पैदलयात्रीका लागि बाटो बनाउन महानगरले सुरु गरेको छ । शनिवार दिउँसो १२ बजे विनाअनुमति सडक काटी सडकको स्टाण्डर्ड चौडाई घटाउन नपाउने भन्दै सडक डिभिजनले रोक लगाएपछि त्यसलाई बिषयान्तर गर्न महानगरले रिङरोडको बिषय उठाएको डिभिजन कार्यालयले बताएको छ । शुक्रबारमात्रै डिभिजन प्रमुख र महानगरका मेयर बालेनवीच आपसी सहकार्य गर्ने बिषयमा छलफल भएको खुलाउँदै कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने बिषयलाई लिएर अराजक गतिविधि गरे प्रतिबादमा उत्रिने चेतावनीसमेत दिएको छ । *(स्रोतः अनलाईनखबर)*

# संसदको छलफल मर्यादाहीन देखिएको छ : अग्नि सापकोटा

काठमाडौंः नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवं पूर्वसभामुख अग्निप्रसाद सापकोटाले संसदको गरिमा र ओज खस्कँदै गएको बताएका छन् ।

शनिबार काठमाडौंमा भएको नेपाल गणतान्त्रिक यातायात व्यवसायी संगठन वागममी प्रदेश समिति, काठमाडौंको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै उनल संसदमा हुने बहस, छलफल, शब्द चयनहरु स्तरहीन र मर्यादाहीन भएको बताए । संसद कुनैपनि देशको लोकतन्त्रको आत्मा, सुशासनको महत्वपूर्ण संवाहक भएपनि संसदमा राम्रोसँग संसदीय गतिविधिहरु सञ्चालन हुन नसकेको सापकोटाले बताए ।

'संसद कुनैपनि देशको लोकतन्त्रको आत्मा हो, सुशासनको राम्रो महत्वपूर्ण संवाहक हो । तर त्यहाँ आज राम्रोसँग गतिविधि अघि बढेका छैनन् । संसद भन्दा उच्च जनप्रतिनिधिको थलो अर्को छैन । त्यहाँ हुने छलफल, बहस, शब्द चयन, वाक्य गठन सुन्दा हामीलाई के लाग्छ भने स्तरहीन, मर्यादाहीन भएको छ', उनले भने, 'ओज र गरिमायुक्त हुनुपर्ने ठाउँमा दिनदिनै ओज र गरिमा नभई आफ्नो साख गिराउँदैछ ।'

उपाध्यक्ष सापकोटाले देश अहिले छटपटि, उकुसमुकुस वातावरणमा रहेको बताए । उनले देशमा विचारहीनको स्थिति सिर्जना भएको पनि जिकिर गरे ।

# भानु जन्मस्थललाई साहित्यिक र सांस्कृतिक गन्तव्यस्थल बनाउन पहल

दमौली (तनहुँ): नेपाली भाषाका आदिकवि भानुभक्तको आचार्यको जन्मथलो चुँदीरम्घालाई साहित्यिक र सांस्कृतिक गन्तव्यका रुपमा विकास गर्न पहल थालिएको छ ।

तनहुँको भानु नगरपालिका-४ चुँदीर म्घालाई साहित्यिक र सांस्कृतिक पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न लागएको हो । भानु नगरपालिकाको नेतृत्वमा यस ठाउँमा साहित्यिक उद्यान निर्माणको प्रक्रियाले गति लिएको छ । चुँदीरम्घालाई सप्तधामको रुपमा विकास गर्ने लक्ष्य सहित साहित्यिक उद्यान निर्माणलाई सुरु गरिएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताए ।

विगतमा जग्गा अधिग्रहणको काम सुरु भएपनि कामले गति लिन नसकेको भन्दै चालु आर्थिक वर्षदेखि यो काम तीव्र गतिमा अगाडि बढेको उनको भनाइ छ । उनले भने, 'नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलोलाई सप्तधामका रुपमा विकास गर्नुपर्छ भनेर अगाडि बढेका छौं ।' सिङ्गो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको त्रिपाठीको भनाइ छ । उनले भने, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अघि बढेका छौं ।' साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिनेछ । त्रिपाठीका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालिन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ । त्रिपाठीले भने, 'भानु साहित्य उद्यानको मूल उद्देश्य भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल र सांस्कृतिक एकताको केन्द्रका पमा विकास गर्न आवश्यक भौतिक संरचना निर्माण गर्नु हो ।

*(स्रोतः अनलाईनखबर)*

## संसदीय छानबिन...

यिनको औचित्य पुष्टि हुन्छ किनभने त्यो पनि एक प्रकारको 'चेक एण्ड ब्यालेन्स' हो ।

प्रायः अमेरिकी राजनीतिमा चासो राख्नेहरूले सुनेको वाटरगेट स्क्यान्डलमा गरिएका छानबिन यसको एउटा उदाहरण हो। तर कानुन निर्माण वा परिमार्जनको निम्ति नभई, कार्यपालिकामा हुँदा गरिएका निर्णयमा केन्द्रित नभई, न्याय दिलाउने बहानामा, सिफारिस मात्र गर्न सक्ने छानबिन समिति बनाउन थालियो भने त्यो राजनीतिको निम्ति व्यवस्थापिकाले गरेको कार्यक्षेत्र अतिक्रमण मात्र हुन्छ ।

अहिले गृहमन्त्री रवि लामिछाने छन्। पछि कोही अर्कै मान्छे हुनेछ। गृहमन्त्री को हो भन्ने कुरा गौण हो। व्यवस्थापिकालाई कस्तो परिस्थितिमा छानबिन समिति बनाउन दिने र त्यसको कार्यक्षेत्र कसरी निर्धारण गर्ने भन्ने विषय अहम् हो ।

व्यवस्थापिकालाई छानबिन गर्ने अधिकार हामी बेलायत र अमेरिकाको संसदीय व्यवस्थामा पनि देख्छौं । तर त्यहाँ पनि यस्ता समितिको दायरा र सीमाहरू तोकेको पाइन्छ । सन् १८८१ को किल्बोर्न भर्सेज थम्पसनले स्थापित गरेको नजिर अनुसार, व्यवस्थापकीय उद्देश्यको पुष्टि व्यवस्थापकीय छानबिन समिति गठनको अनिवार्य शर्त हो । त्यसको अर्थ कुनै पनि छानबिन समितिको गठन तब मात्र जायज ठहरिन्छ जब त्यसको उद्देश्य न्याय निरुपणको निम्ति नभई, कानुन परिमार्जन र परिष्कृत गर्नको लागि हुन्छ ।

यो कुरा स्पष्ट छ कि सहकारी प्रकरणमा कानुनी र संस्थागत त्रुटिहरू धेरै छन् जसको निम्ति संसदीय छानबिन समिति अनिवार्य छ। तर संसद्‌को कर्तव्य पात्रहरू पछाडि व्यक्तिगत रूपमा लाग्नु होइन । मानिलिऊँ कि रवि लामिछानेले सहकारीबाट गैरकानुनी रूपमा रकम लिएका थिए । उनीमाथि लगाइएको आरोप पुष्टि भएको खण्डमा पनि त्यो अपराध व्यक्तिगत स्वभावको हुन्छ । यस्तो गल्ती संसद्‌ले होइन, न्यायालयले फर्स्योट गर्ने विषय हो । र गर्न आवश्यक पनि छ । तर समस्या एक दुईवटा पात्रको होइन । यो ३४ हजार बढी सहकारीको समस्या हो । संसद्‌को कर्तव्य ती संस्थागत र नीतिगत त्रुटिहरू सुल्झाउनु हो र यही अनुसार छानबिन समितिको उद्देश्य र कार्यक्षेत्र निर्धारण हुनुपर्छ ।

संसद् अहिले नै निराशाजनक गतिमा अघि बढिरहेको छ । महत्वपूर्ण विधेयकहरू अड्केका छन्। यस्तो परिप्रेक्ष्यमा व्यक्तिकेन्द्रित न्याय-निसाफको लागि छानबिन समिति गठन गर्ने नजिर स्थापित भयो भने त्यो एउटा राजनीतिक निर्णय हुन्छ । राजनीतिक निर्णयले पछि कार्यपालिकालाई संसद्‌को किचलोमा घिसार्ने छ ।

त्यसमाथि, संसद्‌लाई बन्धक बनाएर यस्तो माग राख्ने हो भने यसले अराजकतालाई थप प्रोत्साहन गर्छ। पहिला एमालेले संसद अवरोध गर्‍यो, अहिले कांग्रेसले गरिरहेको छ । पछि अर्को पार्टीले गर्ला। यो एउटा वेल फङ्क्सनिङ व्यवस्थापिकाको लागि दुर्भाग्यको कुरा हो ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा भन्छन् कि संसद् अवरोधको जिम्मेवारी सत्तापक्ष र सभामुखले लिनुपर्छ । विगतमा एमालेले पनि त्यही नै भनेका थियो। यो कस्तो प्रकारको कुतर्क हो ? कारण जायज होला तर कमसेकम, जसले अवरोध गर्छ त्यो पार्टीले कारण प्रस्तुत गरी जिम्मेवारी त लिन सक्नुपर्छ।

व्यक्तिकेन्द्रित न्यायका लागि होइन, संसदीय समिति भविष्यमा जी.बी. राई जस्ता पात्रहरूले सहकारीको रकम हिनामिना गर्न सम्भव नै नहुने गरी बलियो कानुन बनाउनका लागि बन्नुपर्छ ।

*(स्रोतः अनलाईनखबर)*

# ढल्केबर-इनरुवा प्रसारण लाइन अन्तिम चरणमा



काठमाडौंः ढल्केबर-इनरुवा चार सय किलोभोल्ट प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको छ ।

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालगायत अन्य आयोजनाबाट उत्पादित बिजुली देशका पूर्वी भेगमा प्रवाह गर्ने हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाका प्रमुख श्याम यादवले बताए ।

'पूर्वी खण्डको काम सम्पन्न हुने चरणमा छ । ढल्केबर पश्चिम खण्डमा भने विभिन्न स्थानमा अझै पनि अवरोध छ । अवरोध हटाएर आयोजना सम्पन्न गर्न हामी लागिपरेका छौं', उनले भने ।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना सुरु गरिए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगलगायत समस्याका कारण रुग्ण बन्दै आएको छ ।

पूर्वी खण्डको काम सम्पन्न भएपछि माथिल्लो तामाकोशीलगायत आयोजनाको बिजुली पूर्वी भागका औद्योगिक क्षेत्रमा मागअनुसार आपूर्ति गर्न सहज हुनेछ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभऱ्याङबाट सुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको प्रसारण लाइनको लम्बाइ दुई सय ८८ किलोमिटर छ ।

पूर्वी खण्डको काम प्रायः पूरा भएकाले उद्घाटनको तयारी भएको तथा त्यसनिम्ति ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई अनुरोध गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी विगत ११ वर्षदेखि काम जारी छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । धेरै जसो टावरको काम भए पनि स्थानीयवासीले प्रसारण लाइनको मार्ग स्थानान्तरण गरिदिन माग गर्दै अवरोध गरेका कारण बाँकी ३५ वटा टावरको काम नै रोकिएको छ ।

मोरङ-सुनसारी औद्योगिक करिडोर लगायत समग्र पूर्वी नेपालको माग धान्नका लागि भारतबाट थप विद्युत् आयात तथा वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वका हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो ठूलो विपत् आउनसक्ने बताए । कूल ४००/२२० केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ ।

हेटौँडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४, हेटौंडा-११ स्थित थानाभऱ्याङमा दुई र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ । थानाभऱ्याङमा रहेको सबस्टेसनमा लाइन जडानका लागि दुईवटा टावर निर्माण गर्नुपर्नेछ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुनेछन् ।


स्थानीयको अवरोध अन्त्य गर्न प्राधिकरणको निरन्तर प्रयास जारी छ । यद्यपि यसमा सफलता प्राप्त भएको छैन । प्रसारण लाइन मकवानपुरबाट बारा- रौतहट,-सर्लाही-महोत्तरी-धनुषा-सिराहा-उदयपुर-सप्तरीहुँदै सुनसरीको इनरुवासम्म निर्माण हुनेछ ।

प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण प्रभावित भएको छ । कूल ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ सालको माघमा ठेक्का सम्झौता भएको थियो ।

हेटौँडा-ढल्केबर-इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३ मिटर हुनेछ ।

आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूखहरु काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिम अधिग्रहण गर्नुपर्नेछ । मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ वटा घर तथा अन्य संरचना प्रभावित हुनेछन् ।

कूल १७ करोड अमेरिकी डलर अनुमानित लागतको आयोजनामा नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी छ । यसअघि सो आयोजनाका लागि विश्व बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराएको थियो । विश्व बैङ्कले आयोजनाबाट हात झिकेपछिको ऋण प्रवाह रोकिएसँगै बाँकी काम सरकार र प्राधिकरणले पूरा गर्नुपर्नेछ । *(स्रोतः अनलाईनखबर)*



# थाहा गोल्डकप फुटबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको थाहा नगरपालिकामा शनिबारदेखि पाँचौं संस्करणको थाहा गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ । शनिबार थाहा खेलकुद विकास समितिका संयोजक टीका लामा र नगर प्रमुख विष्णु विष्टले प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

प्रतियोगिताअन्तर्गत शनिबार ३ खेल सम्पन्न भएको नगर खेलकुद विकास समितिका सदस्य यादव रायमाझीले जानकारी दिनुभयो । थाहा खेलकुद विकास समितिको आयोजना तथा शिखर क्लबको व्यवस्थापनमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा भीमफेदी एफसीले विजयी सुरुवात गरेको छ । बागेश्वरी युवा क्लबलाई १-० गोलले हराउँदै भीमफेदीले विजयी सुरुवात गरेको हो । भीमफेदीले अब सेमिफाइनल प्रवेशका लागि आइतबार ऋषेश्वर-११ एफसीसँग प्रतिस्पर्धा गर्नेछ ।

शनिबारको दोस्रो खेलमा कुर्दन एकेडेमीले हिमाली डाँफे एफसीलाई सडेन डेथमा ९-८ गोलले हराउँदै विजयी सुरुवात गरेको छ । निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकर पनि बराबरीपछि खेल सडेनडेथमा धकेलिएको हो । विजयी कुर्दन सेमिफाइनल प्रवेश गरेको छ ।

यस्तै, शनिबारको तेस्रो खेलमा थाहा नगरपालिकालाई ३-१ गोलले हराउँदै चित्लाङ एफसीले विजयी सुरुवात गरेको छ । जितसँगै चित्लाङ सेमिफाइनल प्रवेश गरेको छ । चित्लाङले अब फाइनल प्रवेशका लागि कुर्दन एकेडेमीसँग सोमबार प्रतिस्पर्धा गर्नेछ । नकआउट चरणमा चल्ने प्रतियोगितामा ९ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल जेठ१५ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सर्वोत्कृष्ट खेलाडीले १२ हजार ५ सय रुपैयाँ र अन्य विधागत उत्कृष्टले ६ हजार २ सय ५० रुपैयाँ प्राप्त गर्नेछन् ।

# उपयुक्त नीति तथा कार्यक्रमको अपेक्षा

समाज संवाददाता

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार जनताप्रति उत्तरदायी हुन्छ । जनताले चुनेर पठाएका प्रतिनिधिले नै सरकारको नेतृत्व र सञ्चालन गर्ने भएकाले सरकारले जनताको हितअनुकूलका काम गर्नुपर्छ । सरकारले एक वर्षसम्म गर्ने काम र त्यसका लागि आवश्यक बजेट जनताको प्रतिनिधि रहने व्यवस्थापिकामा पेश गर्नुपर्छ । व्यवस्थापिकाले सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गरेपछि बल्ल सरकारले सोहीअनुसार काम गर्न पाउँछ । संघीयता कार्यान्वयनपछि अहिले नेपालमा तीन तहको सरकार छ । संघ, प्रदेश र स्थानीय सरकारले प्रत्येक वर्ष बजेट ल्याउनुअघि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम व्यवस्थापिकासमक्ष पेश गर्दछन् । संघीय सरकारले प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछ । प्रदेश स्र सरकारले प्रदेशसभा बैठकमा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछ । यस्तै, स्थानीय सरकारले गाउँ तथा नगरसभामा नीति तथा कार्यक्रम र बजेट पेश गर्दछन् ।

बागमती प्रदेश सरकारले भोलि सोमबार प्रदेशसभामा नीति तथा कार्यक्रम पेश गर्दैछ । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम सोमबार दिउँसो ३ बजे बस्ने प्रदेशसभा बैठकमा पेश हुनेछ । प्रदेशसभाको गत सोमबार बसेको बैठकमा नीति तथा कार्यक्रमसम्बन्धमा सामान्य छलफल भएको थियो । उक्त छलफलमा प्रदेशसभा सदस्यहरुले सरकारलाई आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट नयाँ ढङ्गले ल्याउन सुझाव दिएका थिए । प्रदेशसभा सदस्यहरुले युवालक्षित कार्यक्रमलाई जोड दिँदै कृषिमा क्रान्ति गर्ने नीति, कार्यक्रम र बजेट ल्याउन सुझाव दिएका थिए । प्रदेश सरकारले जनताका आधारभूत आवश्यकता परिपूर्ति, सेवा क्षेत्रहरुको विस्तार र सुधार, दीगो र वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिन आग्रह गरेका छन् । सामाजिक समावेशीकरण र लैंगिक समानता, भाषा तथा संस्कृतिको प्रवर्द्धन, जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण र अनुकूलन, सूचना प्रविधि र वैकल्पिक ऊर्जा प्रवर्द्धन, औद्योगिक विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा ध्यान दिनसमेत सुझाइएको छ ।

बागमती प्रदेश सरकारले सुरुवातदेखि नै ल्याएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकेको छैन । महत्वाकांक्षी नीति तथा कार्यक्रम ल्याउने, त्यसको कार्यान्वयनका लागि बजेट पनि विनियोजन गर्ने तर, कार्यान्वयन नै नहुने र कार्यान्वयन भए पनि ठोस परिणाम नदेखिने समस्याले प्रदेश सरकारको प्रभावकारितामाथि प्रश्न उठ्ने गरेको छ । विगतमा प्रदेश सरकारले ल्याएको एक स्थानीय तह एक उद्योग ग्राम, सुरुङमार्ग र प्रदेश चक्रपथ निर्माण, विद्युतीय सवारीलाई प्रोत्साहन गर्दै मुख्य शहरमा पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधन निषेध गर्ने, प्रदेशलाई प्लास्टिक झोलामुक्त बनाउने, बालविवाह र बालश्रम अन्त्य गर्नेजस्ता कार्यक्रमको उपलब्धी शून्यप्रायः छ । दूध, अण्डा, माछा-मासु, तरकारी, खाद्यान्नमा प्रदेशलाई आत्मनिर्भर बनाउने सरकारको नीति तथा कार्यक्रमले पनि हावा खाइसकेको छ । बजेट बनाउँदा र कार्यान्वयनमा जाँदा नीति तथा कार्यक्रमभन्दा पनि दलीय र व्यक्तिगत स्वार्थबाट प्रेरित भएर टुक्रे योजनामा जोड दिने गरेका कारण नीति तथा कार्यक्रम औचित्यहीन बनिरहेको छ ।

सरकार कुन नीतिमा आधारित भएर अगाडि बढ्छ भन्ने मार्गचित्र सरकारको नीति तथा कार्यक्रमले दिन्छ । नीति तथा कार्यक्रम सरकारको प्रतिबद्धतामात्र होइन, उसको मार्गनिर्देशक दस्तावेज पनि हो । नीति तथा कार्यक्रममै आधारित भएर वार्षिक बजेट आउने भएकाले सरकारले उपयुक्त नीति तथा कार्यक्रम ल्याउनुपर्छ । यसका लागि सरकारले सरोकारवालासँग पर्याप्त छलफल गर्नुपर्छ, जुन हुन सकेको छैन । सरकारले विज्ञ र सरोकारवालाको सुझावलाई समेटेर फरक ढङ्गले नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ । कमसेकम नीति तथा योजना आयोगको सुझावलाई कार्यान्वयन गर्नुपर्छ । सरोकारवालाहरुले पनि नीति तथा कार्यक्रम र बजेट ल्याइसकेपछि त्यसको आलोचना गर्नुभन्दा पहिला नै आवश्यक सुझाव र दबाव दिन आवश्यक छ ।

# राष्ट्रिय शैक्षिक सम्मेलन सकियो

समाज संवाददाता


हेटौंडा: मकवानपुर बहुमुखी क्याम्पसले आयोजना गरेको राष्ट्रिय शैक्षिक सम्मेलन शनिबार सम्पन्न भएको छ । सम्मेलन शुक्रबार र शनिबार २ दिनसम्म सञ्चालन भएको थियो । सम्मेलनमा देशभरका ६० भन्दा बढी क्याम्पसबाट ३ सय भन्दा बढी प्राध्यापकको सहभागिता रहेको थियो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेले उद्घाटन गर्नुभएको सम्मेलनमा विभिन्न विषयमा गरिएका अनुसन्धानको प्रतिवेदन प्रस्तुत गर्नुका साथै उच्च शिक्षाका चुनौतिका विषयमा बहस गरिएको थियो । सम्मेलनमा सहभागीले प्रस्तुत गरेका प्रतिवेदन र बहसमा प्रस्तुत भएका विचार हरुलाई प्रतिवेदनको रुपमा तयार पारेर प्रदेश सरकार, संघीय सरकार र विश्वविद्यालयलाई हस्तान्तरण गरिने मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभयो । "उच्च शिक्षाका चुनौति, दीगोपना र विद्यार्थीले बीचमै पढाई छाड्ने दर न्यूनीकरण" को विषयलाई सम्मेलनको प्रमुख विषय बनाइएको थियो ।

सम्मेलनकै अवसरमा मकवानपुर बहुमुखी क्याम्पस र आइडिया स्टुडियो नेपालबीच सहकार्यको सम्झौता भएको छ । विद्यार्थीको शिक्षा, अनुसन्धान र बलियो उद्यमशील प्रणालीको विकासका लागि क्याम्पस र आइडिया स्टुडियोबीच सहकार्यको सहमति भएको हो । सहकार्यसम्बन्धी सहमति पत्रमा मकवानपुर बहुमुखी क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख डा. यम बहादुर सिलवालले र आइडिया स्टुडियो नेपालका कार्यकारी अध्यक्ष डा. छिरिङ लामाले हस्ताक्षर गर्नुभयो ।

सहकार्यको मुख्य उद्देश्य नवप्रवर्तनमा थप टेवा पुऱ्याउने रहेको छ ।


## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**


# अन्डर-१५ ब्याडमिन्टनका खेलाडी छनौट

समाज संवाददाता

हेटौंडा: जिल्ला ब्याडमिन्टन संघ मकवानपुरले १५ वर्ष मुनि (अन्डर-१५) उमेर समूहका चार जना खेलाडी छनौट गरेको छ । शनिबार थानाभन्ज्याङस्थित कभर्ड हलमा आयोजित खेलाडी छनौट कार्यक्रमबाट दुई जना पुरुष र दुई जना महिला खेलाडी छनौट गरेको संघका सदस्य नरेन्द्र मोक्तानले जानकारी दिनुभयो ।

आगामी जेठ ३० गतेदेखि ३२ गतेसम्म राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा अन्डर-१५ ब्याडमिन्टन प्रतियोगिता आयोजना हुँदैछ । प्रदेशस्तरीय छनौटका लागि महिलातर्फ हेटौंडा-९ की प्रसिद्धि मिश्र र हेटौंडा-६ की सुजला सापकोटा छनौट भएका छन् । यस्तै, पुरुषतर्फ हेटौंडा-८ का स्वरुपराज खत्री र बागमती गाउँपालिकाका सुदीप मोक्तान छनौट भएका छन् ।

छनौट प्रतियोगितामा पुरुषतर्फ २० जना र महिलातर्फ १० जना सहभागी भएको सदस्य मोक्तानले बताउनुभयो । सहभागीहरुबीच प्रतिस्पर्धा गराएर विजेता र उपविजेतालाई छनौट गरिएको उहाँले बताउनुभयो । खेलाडी छनौट कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष विजय सिंह ठकुरी, सचिव प्रल्हाद उप्रेती र प्रशिक्षक अभिषेक बोसलगायतको उपस्थिति रहेको थियो ।

# खोलामा डुबेर विकको मृत्यु

समाज संवाददाता

हेटौंडा: रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका-२, ठोसेमा खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा दोलखा जिल्ला जिरी नगरपालिका-२ का ५५ वर्षीय कुलबहादुर विक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार विक पानीमा डुबी बेपत्ता भएका थिए । बेपत्ता विकको खोजतलास गर्दै जाँदा खोलाबाट १० मिटर तल गहिरो भागमा पानीभित्र मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिरी अस्पताल लगिएको छ ।

# कालीगण्डकीको 'स्टिमर'मा बुद्धिचाल प्रतियोगिता सुरु

वालिङ (स्याङ्जा): स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ स्थित आँधीमुहानमा मोटरबोट (स्टिमर)मा आजदेखि बुद्धिचाल प्रतियोगिता सुरु भएको छ ।

कालीगण्डकी गाउँपालिका र गण्डकी प्रदेश खेलकुद परिषद्को संयुक्त आयोजनामा गण्डकी प्रदेशस्तरीय अन्तर जिल्ला बुद्धिचाल प्रतियोगिता सुरु भएको हो ।

धार्मिक महत्व बोकेको कालीगण्डकी र आँधीखोलाको सङ्गमस्थल आँधीमुहानमा सञ्चालित देशकै पहिलो मोटरबोट (स्टिमर) मा प्रदेशस्तरीय बुद्धिचाल प्रतियोगिता थालिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । खेलकुदका माध्यमबाट यहाँको धार्मिकस्थलहरुको प्रचारप्रसार गर्ने र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गन स्टिमरमा प्रतियोगिता सञ्चालन गरिएको उनको भनाइ छ । 'पछिल्लो समय लोकप्रिय बन्दै गइरहेको बुद्धिचाल प्रतियोगिता गाउँपालिकामा आयोजना गर्नुको मुख्य उद्देश्य नै खेलाडी उत्पादन गर्ने र खेल पर्यटनको विकास गर्ने हो', अध्यक्ष थापाले भने, 'बौद्धिक क्षमताको विकासमा मद्दत पुऱ्याउने भएकाले पनि यसलाई प्राथमिकताका साथ अगाडि बढाएका हौं ।' दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका आठ जिल्ला र आयोजकका रुपमा रहेको कालीगण्डकी गाउँपालिका गरी नौ टोलीका ३६ जना सहभागी भएका प्रदेश बुद्धिचाल सङ्घका अध्यक्ष युवराज भण्डारीले जानकारी दिए ।

(स्रोत: अनलाईनखबर)

## बकैया ७ ए साइड फुटबल

# उपाधिका लागि कान्द्राङ र हात्तीसुँडे भिड्ने

समाज संवाददाता

हेटौंडा: मकवानपुरको बकैया गाउँपालिकामा जारी खुला ७ ए साइड गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल्ने दुई टोलीको टुङ्गो लागेको छ । शनिबार सेमिफाइनलका दुई खेल सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल खेल्ने टोलीको टुङ्गो लागेको प्रतियोगिताका संयोजक जीवन सञ्जेलले जानकारी दिनुभयो ।

प्रतियोगिताको उपाधिका लागि बकैया-७स्थित एफसी कान्द्राङ र बकैया-३ स्थित एफसी हात्तीसुँडेबीच प्रतिस्पर्धा हुने भएको छ । दुई टिमबीचको खेल आइतबार दिउँसो ३ बजे सुरु हुनेछ । शनिबार भएको सेमिफाइनल खेलमा आयोजक बकैया रिभर साइड युथ क्लब रातोलाई २-० गोलले हराउँदै कान्द्राङ फाइनलमा प्रवेश गरेको हो ।

यस्तै, बकैया-८ स्थित गणतान्त्रिक युथ क्लबलाई २-० गोलले हराउँदै हात्तीसुँडे फाइनलमा प्रवेश गरेको हो । दुई टिमबीचको विजेताले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# राजनराजले नचाए



सांगीतिक साँझमा गीत गाउँदै गायक राजनराज शिवाकोटी ।

समाज संवाददाता

हेटौंडा: गायक राजनराज शिवाकोटीले हेटौंडाका संगीत पारखीलाई नचाएका छन् । भीम विराग संगीत साहित्य कला प्रतिष्ठानको सहयोगार्थ आयोजित राजनराज शिवाकोटीको सांगीतिक साँझमा आफ्ना लोकप्रिय एक दर्जन भन्दा बढी गीत गाएर संगीत पारखीलाई नचाएका हुन् ।

शिवाकोटीले कुटुमाकुटु सुपारी दाना, तिरीमिरी तिरिमिरी तीन तारा, सुर्के थैली खै, पूर्व पश्चिम रेल, चिरबिर चिरबिर चाँचरीलगायत चर्चित गीत गाए । शिवाकोटीलाई केही गीतमा हेटौंडाकै गायिका रञ्जीता सिलवालले साथी दिनुभएको थियो । शिवाकोटीले स्थानीय सन्दर्भ, घटनालाई लिएर गीत रचना गर्ने गरेको बताउनुभयो । शिवाकोटीले आफूलाई प्रत्यक्ष भेटेर भन्दा पनि बढी गीतको बोलबाट चिनिने गरेको बताउनुभयो ।


## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन – नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनसक्छ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुनसक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्काले डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

डिभिजन वन कार्यालय, मकवानपुर



## जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी संदेश

मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म पोलियो बिरुद्धको खोप आइ.पि.भी. खोप अभियान २०८१ संचालन हुँदैछ उक्त आइ.पि.भी.खोप अभियानमा २०७३ साल बैशाख देखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ खोप लगाउन हुन अनुरोध छ । स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म संचालन हुने भएपनि तपाईको नजिकको विद्यालय वा तपाईको बालबालिका अध्ययन गर्ने विद्यालयमा खोप अभियानको मिति फरक हुन सक्छ । त्यसैले आ-आफ्नो बालबालिकाले आइ.पि.भी खोप लिए नलिएको सुनिश्चित हुन अनुरोध छ ।

खोपहरु लगाए पनि सँधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिकैको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.सा.स्वा.स्वयं.से., वा निशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं । याद गर्नुहोस । मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ पोलियो रोगको संक्रमणबाट बचाउन तथा पक्षघात हुनबाट बच्न आइ.पी.भी. खोप लगाउन अति आवश्यक छ । त्यसैले उक्त उमेर समुहका बालबालिकाहरुलाई आइ.पी.भी. खोप लगाउन हुन अनुरोध छ ।

जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ